# धर्मकीर्ति

(बौद्ध मासिक)

# THE DHARMAKIRTI

## A Buddhist Monthly

**27th JULY 2018**


| वर्ष- ३६ | अङ्क- ४ | असार पुन्हि | साउन २०७५ |
|---|---|---|---|





निर्दोष व्यक्तिलाई वा दोष नभएको व्यक्तिलाई दोष दिने र दण्ड दिने व्यक्तिलाई तल उल्लेखित १० प्रकारका दु:खले सताउने गर्छ :-

१) टाउको दुख्ने आदि सहन नै नसकिने रोग लाग्नेछ ।
२) आफूसंग भएको सम्पत्ति विनाश हुँदै जानेछ ।
३) अंग भंग हुनेछ ।
४) ठूलठूला भयानक रोग लाग्नेछ ।
५) बहुलाउने छ ।
६) राजदण्ड आदीको भय आउनेछ ।
७) झूठा आरोप लागी निन्दित बन्नुपर्नेछ ।
८) आफ्ना नाता कुटुम्ब विनाश हुनेछन् ।
९) आफूसंग भएको भोगादि सम्पत्ति विनाश हुनेछ ।
१०) घर आगलागी भई मरण पश्चात् नर्कमा पतन हुनेछ ।


*प्रधान सम्पादक*

**संघनायक भिक्षु अश्वघोष महास्थविर**

**४२५९११० (संघाराम विहार, ढल्को)**

*प्रकाशक र विशेष सल्लाहकार*

**भिक्षुणी धम्मवती**

फोन: ४२५९४६६

*सम्पादक*

**भिक्षुणी वीर्यवती**

**फोन: ४२५९४६६**

*सम्पादन सहयोगी*

**भिक्षुणी शुभवती**

*व्यवस्थापकहरू*

**चिनीकाजी महर्जन**

फोन: ९८४१२५२६६२

**ज्ञानेन्द्र महर्जन**

फोन: ४२७५३७७,९८४१३६६५१४

**ध्रुवरत्न स्थापित**

फोन: ९८४१२६३३५५

*सह-व्यवस्थापक*

**इन्द्रमान महर्जन**

फोन: ९८४१४३४५७२

*कार्यालय*

**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**

**धर्मकीर्ति विहार**

श्रीघ: नघ:टोल

पोष्ट बक्स नं. ४९९२, काठमाडौं

फोन: ४२५९४६६

बुद्ध सम्बत् २५६२
नेपाल सम्बत् ११३८
इस्वी सम्बत् २०१८
बिक्रम सम्बत् २०७५

| | |
|---|---|
| विशेष सदस्य | रु. २०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. १००/- |
| यस अङ्कको | रु. १०/- |



Downloaded from http://www.dhamma.digital

## ▪ सम्पादकीय ▪

# भिक्षुणी धम्मवती र अभिधर्म पाठ

भगवान् बुद्धले ४५ वर्ष सम्म गाउँ र नगर घुमी ज्ञान प्रचार गर्नुभयो। ती सबै ज्ञानका कुराहरूलाई ३ भागमा विभाजन गरिएका छन्।

१) सूत्र पिटक २) विनय पिटक ३) अभिधम्म पिटक

यी ३ पिटकहरूलाई नै त्रिपिटक ग्रन्थ भनिन्छ। त्रिपिटक ग्रन्थ मध्ये अभिधर्म पिटक अत्यन्त महत्वपूर्ण ग्रन्थ हो। यसमा भगवान् बुद्धको प्रमुख ज्ञान समावेश भएको छ। अभिधर्मलाई जसले राम्ररी अध्ययन गर्दछ, उसले बुद्ध शिक्षालाई बुझ्ने छ। त्यसैले अभिधर्म पिटकलाई बौद्ध दर्शन (Buddhist Philosophy) पनि भनिन्छ।

अभिधर्म पिटकमा ७ वटा ग्रन्थहरू यसरी समाविष्ट छन्–

१) धम्म सङ्गणि २) विभङ्ग ३) धातुकथा ४) पुग्गलपञ्ञति ५) कथावत्थु ६) यमक ७) पट्ठान

अभिधम्म शब्दमा अभिले विशेष र अतिरेक भन्ने जनाउँछ भने धम्मले परियत्ति धर्म भन्ने जनाउँछ। त्यसैले अभिधम्मले विशेष गुणले युक्त अतिरेक परियत्ति धर्म भन्ने जनाउँछ। सूत्र पिटकले ब्याख्या गर्न नसकेको आध्यात्मिक आयतनहरूलाई अभिधम्ममा प्रष्ट छुट्टिने गरी ब्याख्या गरिएको छ। सूत्रले ब्याख्या गर्न नसकेको शूक्ष्म ज्ञानहरू सूत्रको क्षमता भन्दा माथि पुगी विशेष रूपले वर्णन गरिएको अभिधम्म ग्रन्थ भएको कारणले अभिधम्म पिटकलाई अतिरेक धर्म पनि भनिन्छ। त्यसैले अभिधम्म पिटक सूत्र पिटक भन्दा अति गम्भिर र विशिष्ट धर्म मानिन्छ।

यस गम्भिर धर्म बुझ्न पनि सजिलो छैन बुझाउन पनि त्यति सजिलो छैन। त्यसैले होला संसारमा सबभन्दा पहिला अभिधर्म पिटक लोप हुनेछ, त्यसपछि अन्य पिटकहरू लोप हुँदै जानेछ भनी भविष्यवाणी गरिएको पाइन्छ। तर अभिधम्मलाई नबुझेसम्म बुद्ध शिक्षाको मूल सार बुझ्न सकिंदैन। बुद्ध शिक्षाको मूल सार नै नबुझेपछि उहाँले देखाउनु भएको निर्वाणको बाटोलाई कसरी पछ्याउने ? त्यसैले अभिधर्मलाई हामीले त्यति छिटो लोप हुन दिन हुन्न। यही सोचेर पूज्य भिक्षुणी धम्मवतीको दूरदर्शी सोचाईले आफ्नो जन्मोत्सवको उपलक्ष्यमा भिक्षु संघको तर्फबाट साप्ताहिक अभिधम्म पाठ गराउने निर्णय गरियो। उक्त निर्णय अनुसार वर्षेनी अभिधम्म पाठ हुँदै आएको बीसौं वर्ष भइसक्यो। फलस्वरूप अभिधम्म पाठको महत्वलाई जनमानसले बिस्तारै बुझ्दै आएको पनि देखिन्छ। किनभने कतिपय उपासकोपासिकाहरूले पनि अभिधर्म पाठलाई प्राथमिकता दिंदै आएको देखियो।

यसरी मानिसहरूले बुद्ध शिक्षारूपी यस अभिधर्मको ज्ञान जति-जति बुझ्दै जानेछ र यसलाई आफ्नो दैनिक जीवनमा अभ्यास गर्न सकिनेछ, त्यति त्यति नै मानिसहरूले सम्यक दृष्टि प्रयोग गर्न सफल हुनेछ। किनभने हाम्रो जीवनमा मन नै प्रमुख हो। आफ्नो मनलाई जसले राम्ररी चिन्न सक्नेछ, त्यसले आफ्नो जीवनलाई ठीक मार्गमा डोऱ्याउन सकिनेछ। अभिधर्म मनको विषयमा विश्लेषण गरिएको ग्रन्थ हो। आशा गरौं यस कार्यले अभिधर्मको अध्ययन बढ्दै जाओस्। यसको क्षेत्र फैलिंदै गई अभिधर्म लोप हुने सम्भाब्यता पनि कम हुँदै जाओस्। बुद्ध शिक्षा चीरस्थाई बनी संसारका मानिसहरूको दूषित भावना (लोभी, क्रोधी) कम हुँदै गई अशान्तपूर्ण वातावरण हटाउन टेवा मिलोस्।



Downloaded from http://www.dhamma.digital

# अग्रश्राविका– धम्मदिन्ना

## (धर्मकथिकहरूमध्ये अग्र)

✍ **कल्याण मित्र सत्यनारायण गोयन्का**

धम्मदिन्नाको जन्म राजगृहमा भएको थियो। विशाल राज्य मगधको राजधानी राजगृहमा अनेक श्रेष्ठी परिवारहरू रहन्थे। ती मध्ये एउटा परिवारमा धम्मदिन्नाको जन्म भयो। उनी ठूली भएपछि काममा दक्ष, आचरणमा शीलवती भइन्। राजगृहका विशाख श्रेष्ठीसँग उनको विवाह भयो।

श्रेष्ठी विशाख मगध नरेश बिम्बिसारका घनिष्ट मित्र थिए। त्यस समय भगवान् राजगृहको वेलुवनमा विहार गरिरहनुभएको थियो। एक समय विशाख श्रेष्ठी महाराज बिम्बिसारसँग भगवान्को उपदेश सुन्न गए। पुण्य पारमीका धनी थिए। पहिलो उपदेश सुन्नेबित्तिकै श्रोतापत्ति फल प्राप्त भयो। दिनदिनै उपदेश सुन्न थाले, धर्म बुझ्दै गए। दिनहुँ सुन्दै-सुन्दै केही दिनमा नै अनागामी फल प्राप्त भयो।

उनको व्यवहारमा ठूलो परिवर्तन आयो। अनागामी विशाख घर फर्किरहेका थिए। पत्नी धम्मदिन्नाले टाढैबाट देखिन्। तल आँगनमा गएर आफ्नो पतिलाई लिन गइन्। सधैंझैं पतिलाई सहारा दिन हात बढाइन्। विशाखले स्वीकार गरेनन्, उनले हात समाएनन्। पत्नीलाई अनौठो लाग्यो। पहिला भए पति-पत्नी सँगै खाना खान्थे, आज भने एक्लै बसेर खाए। भोजनपछि आफ्नो कोठामा नसुतीकन अर्कै कोठामा सुत्न गए। आफ्नो लोग्नेको यस्तो व्यवहार देखेर पत्नीले अनेक सोच्न थाली, 'के कुराले यस्तो भयो ? सञ्चो पो भएन कि ! कसैसँग झगडा पो भयो कि ! कतै आफूदेखि पो सन्तोष भएन कि !' यस प्रकार धम्मदिन्ना लोग्नेको बदलेको व्यवहार देखेर अनेक सोच्न थालिन्।

आफ्नो पतिको यस्तो बदलेको स्वभावको कारण जान्नको लागि भोलिपल्ट सोधिहालिन्– "आर्य ! हजुरको व्यवहार पहिलाजस्तो रहेन। मबाट कुनै भूल हुन गयो कि ?"

"होइन, धम्मदिन्ना !"

"त्यसो भए मप्रति हजुरको यो अनौठो व्यवहार किन ?"

"धम्मदिन्ना ! मैले शास्ताको धर्मदेशना सुनेर लोकोत्तर धर्म प्राप्त गरेको छु, जसले यस धर्मलाई प्राप्त गर्छ, ऊ लौकिक व्यवहार माने इन्द्रियहरूको विषयप्रति अनासक्त भएर रहन्छ; यसकारणले व्यवहारमा परिवर्तन आउँछ।"

"आर्यपुत्र ! मेरो लागि के आदेश दिनुहुन्छ ?"

अनागामी अवस्था प्राप्त गरेका श्रेष्ठी विशाखले भने– "आजदेखि मेरो सारा सम्पत्ति तिम्रो भयो। अब तिमी यसको मालिक्नी भयौ। यहाँ तिमी मेरो आमा अथवा बहिनीझैं भएर रहनु। मेरो जीवन चलाउन तिमीले मलाई भिक्षा दिँदै गर्नु। यदि चाहन्छौ भने यो सबै सम्पत्ति लिएर तिमी माइत जान सक्छौ।"

आफ्नो पतिको कुरा धम्मदिन्नालाई अनौठो लाग्यो, तर नराम्रो लागेन। उनले सोचिन्, 'साँच्चै नै स्वामीले लोकोत्तर ज्ञान हासिल गर्नुभयो होला, अन्यथा कोही सामान्य गृहस्थले यी सबै त्याग्न सक्दैनन्।'

धम्मदिन्नाले सोधिन्– "स्वामी ! के यस लोकोत्तर धर्मको साक्षात्कार केवल पुरुषले मात्र गर्न सक्छन्, नारीले गर्न सक्दैनन् ?"

"यस्तो किन भनेको, धम्मदिन्ना ? जसले अभ्यास गर्छ, यो मार्गमा बढ्छ ऊ निर्वाण-लाभी हुन सक्छ।"

"त्यसो भए यो करोडौंको सम्पत्ति लिएर म के गरौं ? जुन चीज हजुरले त्याग्नुभयो त्यो म ग्रहण गर्दिन। म हजुरको साथमा छु, यो सम्पत्तिको साथमा होइन।"

"के भनेकी धम्मदिन्ना ?" विशाखले आश्चर्य हुँदै सोधे।

"स्वामी ! मलाई पनि यही मार्गमा अघि बढ्ने अनुमति दिनुहोस्।"

"साधु ! साधु ! म पनि यस्तै सोच्दै थिएँ, तिम्रो मनको कुरा नबुझी केही भन्न अप्ठ्यारो भइरहेको थियो। तिमीले छर्लङ्ग पारिदियौ, धम्मदिन्ना ! मार्ग खुल्ला छ।"

विशाख श्रेष्ठी तुरुन्त महाराज बिम्बिसारलाई भेट्न



Downloaded from http://www.dhamma.digital

गए। महाराजले आउनुको कारण सोधे।

श्रेष्ठीले भने– "महाराज ! मेरी पत्नी धम्मदिन्ना प्रव्रजित हुन चाहन्छिन्।"

"गृहपति ! यसको लागि मैले के गरिदिनुपर्‍यो ?"

"महाराज ! विशेष केही चाहिन्न, सुनको पलङ्गी एउटा दिनुस् र नगर सफा गराइदिनुस्।"

"श्रेष्ठी ! पलङ्गी लिनु, नगरको सफाई गराइदिन्छु।"

घर गएर श्रेष्ठीले धम्मदिन्नालाई सुगन्धित पानीले नुहाउन लगाए। सुनका गरगहना र सुन्दर लुगा लगाउन दिए। साथीभाइ, परिवारजनद्वारा फूलमालाले स्वागत-सत्कार गरे र सुनको पलङ्गीमा बसाएर घरबाट बिदा गरे। सुनको पलङ्गीमा बसेर धम्मदिन्ना भिक्षुणी-निवास गइन्। श्रेष्ठी विशाखले भिक्षुणीहरूसमक्ष अनुरोध गरे– "धम्मदिन्नालाई प्रव्रजित गर्नु।"

भिक्षुणीहरूले भन्नुभयो– "गृहपति ! एक-दुई रात पर्खनुपर्ला।"

श्रेष्ठीले अनुरोध गर्दै भने– "धम्मदिन्ना निर्दोष छ, श्रद्धाले प्रव्रजित हुन चाहेकी हुन्।"

यस्तो जानकारी पाएपछि दक्ष स्थविर भिक्षुणीले कर्मस्थान दिनुभयो र कपाल खौरिदिएर धम्मदिन्नालाई प्रव्रजित गर्नुभयो।

श्रेष्ठी विशाखले धम्मदिन्नालाई भने– "आर्या ! धर्म सुआख्यात छ, यसमा अघि बढ्नु।" यस्तो भनेर श्रेष्ठी घर फर्के।

धम्मदिन्ना केही दिन भिक्षुणी-निवासमा रहिन्। त्यहाँ लाभ-सत्कार तथा मानिसहरू लगातार आउने-जाने भइरहन्थ्यो। उनी गम्भिर थिई, एकान्त चाहन्थिन्। त्यसैले आफ्नो आचार्य-उपाध्याय भिक्षुणीसँग अनुमति लिएर एकान्त ठाउँमा बस्न गइन्। त्यहाँ रहेर परिश्रमपूर्वक विपश्यना गर्दै रहिन् र निर्वाण-अवस्था प्राप्त गरिन्।

जुन उद्देश्य लिएर गृहत्याग गरेर प्रव्रजित भएकी थिइन्, उनको उद्देश्य पूरा भयो। उनलाई ऋद्धि प्राप्त भयो, दिव्य श्रोत, परचित्त ज्ञान, पूर्वजन्महरूको निवास स्थानको ज्ञान, दिव्य चक्षु ज्ञान आदि प्राप्त भयो। साथै सम्पूर्ण आश्रवहरू नष्ट भयो, विशुद्ध भयो, निर्मल भयो। भवका सारा जरा उखेलेर निकालियो, सारा बन्धन तोडेर अनास्रव भयो, अरहन्त भयो। अब उनलाई एकान्त वासको जरुरी भएन। भिक्षुणी-निवासमा गएर अन्यको सेवा गर्ने भाव जाग्यो।

तब भिक्षुणी धम्मदिन्ना राजगृह फर्केर आइन्। धर्म-मार्गमा उनको प्रगतिबारे जानकारी प्राप्त गर्न श्रेष्ठी भिक्षुणी-निवासमा आए र उनलाई भेटे। दुवैजनाबीच धर्मको विषयमा लामो कुराकानी भयो। यस कुराकानीको जानकारी विशाखले भगवान्लाई सुनाए।

भगवान् पदुमुत्तर सम्यक सम्बुद्धको शासनकालमा धम्मदिन्ना एउटा दासी कुलमा जन्मेकी थिइन्। ठूली भएपछि उनलाई धर्मप्रति रुचि बढ्दै गयो। एक दिन भगवान्का अग्रश्रावक सुजात भिक्षाको लागि जाँदै गरेको देखिन्। उनलाई भिक्षादान दिने इच्छा भयो। आफ्नो घरमा दान दिनको लागि केही थिएन। उनले आफ्नो लामो सुन्दर केश बेचेर आएको पैसाले श्रावकलाई स्वागत-सत्कार गरिन् र भोजनको व्यवस्था गरिन्। केही समयपछि उनको विवाह भयो र लोग्नेको घरमा बस्न थालिन्। एक दिन सासु-ससुरासँगै धर्मकथा सुन्न भगवान् पदुमुत्तर बुद्धकहाँ गइन्। त्यस समय भगवान्ले एक जना भिक्षुणीलाई धर्मकथिकमा अग्रको उपाधि प्रदान गरेको देखिन्। यस्तो देखेर उनको मनमा पनि अग्रको उपाधि हासिल गर्ने मनोकामना जाग्यो। भगवान्ले जाँचेर उनको भविष्यवाणी गर्नुभयो। यस अनुसार कुशलकर्म सञ्चित गर्दै-गर्दै अनेक मनुष्य तथा देव योनिमा जन्मिए।

भगवान् कस्सप बुद्धको शासनकालमा काशीका राजा किकी थिए। उनका सात जना छोरीहरू समणी, समणगुत्ता, भिक्खुनी, भिक्खुदायिका, धम्मा, सुधम्मा र सङ्घदायिका थिए। धम्मदिन्ना छैठौं छोरी सुधम्मा भएर जन्मेकी थिइन्। काशीराजा भगवान् कस्सपका उपस्थापक थिए। सुधम्माले आफू पनि प्रव्रजित हुन बुबा काशीराजा किकीसँग अनुमति मागे; तर बुबाले अनुमति प्रदान गरेन। तब उनले बीस हजार वर्षसम्म ब्रह्मचर्य व्रत पालन गर्दै रहिन्। काशीराजाका सातजना छोरीहरू भगवान् गौतमको शासनकालमा क्रमशः खेमा, उप्पलवण्णा, पटाचारा, कुण्डला, गोतमी, धम्मदिन्ना र विशाखा भएर जन्मेका थिए।

*(साभार: वर्ष-३५, अङ्क-३, २०७५ असार)*



Downloaded from http://www.dhamma.digital

# गृहणी जीवन असल बनाउने केही विधिहरू

✍ भिक्षु अश्वघोष महास्थवीर

१) गृहस्थ जीवन बिताइरहेका व्यक्तिहरूले आफ्नो परिवारका सदस्यहरू बिच परस्पर मेलमिलाप गरी प्रत्येक व्यक्तिले आ-आफ्नो कर्त्तव्य इमान्दार पूर्वक पालन गर्न अत्यावश्यक छ ।

२) श्रीमान्‌ले आफ्नी श्रीमती प्रति र श्रीमतीले आफ्नो श्रीमान् प्रति विश्वास पात्र बन्न सक्नु पर्दछ । श्रीमान्‌ले आफ्नी श्रीमती वाहेक अन्य स्त्रीको मोहमा नभुल्ने र श्रीमतीले आफ्नो श्रीमान् बाहेक अन्य पुरुष व्यक्तिको मोहमा नभुल्ने हुनुपर्दछ ।

३) मीठा, मिष्ठान्न, खानेकुराहरू खाने समयमा आफ्ना जहान परिवारलाई पनि सम्झेर बाँडीचुँडी खाने बानी बसाल्नु पर्दछ । यसरी गृही जीवनमा परिवारका सदस्यहरू बीच भित्री मनदेखि सुमधुर सम्वन्ध कायम भइरहनु पर्दछ ।

४) परिवारका हरेक सदस्यमा कर्म र कर्मफलको विषयमा राम्रो जानकारी हुनुपर्दछ । अर्को शब्दमा भन्ने हो भने आफूले राम्रो नियतले गरेको कुरा र कामको फल आफैले भोग्नु पर्नेछ र आफूले स्वार्थपूर्ण चित्तले गरेको कुरा र कामको दूषित फल पनि आफैले भोग्नु पर्दछ भन्ने विषयका विश्वास हुनु आत्यावश्यक छ ।

५) पञ्चशीलको पाँचवटा नियमहरू गृही जीवन सफल पार्ने सदाचार नियम हुन् । हत्या हिंसाको भावना नहुनु, स्वार्थपूर्तिको लागि झूठो कुरा, चुकली कुरा, काम नलाग्ने बकबास र कडा वचन प्रयोग नगर्न अरूको चीजवीज र सम्पत्ति उनीहरूको अनुमति बिना प्रयोग नगर्ने र नलिने, ब्यभिचार जस्ता कुकर्महरू नगर्न, आफ्नो शरीर, र मन बेहोश हुने पदार्थ सेवन नगर्ने आदि राम्रा बानीहरूको जसले अभ्यास गर्छ, उसको जीवन शान्ति र सुखमय बन्दै जानेछ ।

६) धन सम्पत्तिले सम्पन्न र विद्वान हुँदैमा घमण्डी र अभिमानी व्यवहार प्रयोग नगर्ने । यस्तो स्वभावले पतन तर्फ लाने गर्छ ।

७) सकेसम्म प्रिय वचन प्रयोग गर्नुपर्छ । नरम बोलीले कुरा गर्दा पनि नटेर्ने खालका अट्टेरी व्यक्तिलाई कहिले काहिं कडा वचन पनि प्रयोग गर्नुपर्ने हुन्छ । तर कडा वचन प्रयोग गर्ने अवस्थामा पनि उक्त व्यक्तिको लागि भलो सोचेर नै उक्त वचन प्रयोग गर्न सक्नु पर्दछ । यसरी लातको मान्छे बातले बुझ्दैन भन्ने अवस्थामा कहिले काहिं हामीले कडा मिजास पनि प्रयोग गर्नुपर्ने वाध्यता आइपर्दछ ।

८) आफ्ना हितैषी मित्र र नाता कुटुम्वहरूलाई समय समयमा निमन्त्रणा गरी खुवाउने, पिलाउने कार्य गरी आफूले सक्दो सेवा र मद्दत गर्ने कार्य पनि गर्दै जानुपर्दछ । जति जति यस्तो उदार चित्तले कार्य गर्दै जानसक्छ, त्यति नै आफ्नो जीवनले प्रगतिको मोड लिँदै जानेछ ।

९) आफ्नो घरका कार्यहरूलाई यथा समयमा नै ध्यान दिई सम्पन्न गर्ने जस्तो सक्रिय रहने बानी भएका मेहनती व्यक्तिहरूको जीवनमा वाधा अड्चनहरू कम नै हुनेछ । समस्याहरू हट्दै जानेछ ।

१०) कहिले काहिं आफ्नो घरमा आउनुहुने गुरू भिक्षु भिक्षुणीहरू लगायतका पूज्य संघलाई श्रद्धापूर्वक उदार चित्तले दान प्रदान गरी आदर सम्मान गर्नसक्नु गृही जीवनको असल कर्त्तव्य हो ।

११) आफूभन्दा ज्ञानगुणले उच्चस्तरमा रहनु भएका पूज्य व्यक्तिहरूबाट ज्ञानगुणका कुराहरू सुनी आदर, सत्कार गर्न सक्नु र छलफल गर्ने बानी बसाल्नु भाग्योदय हुने मंगल सूचक कार्य हो । ❖

## सूचं

**चिर सम्मानित मित भाषी, कुशल धर्म प्रेरिका महासद्धम्म ज्योतिकधज श्रद्धेय ञाणशीला गुरुमाँया ससम्मरण स्मृति ग्रन्थ पिकायुगु ग्वसा दुगुलि वसपोल गूरुमाँ प्रति श्रद्धा दुपि सकलसित श्रद्धाञ्जली स्वरुप थ्वये साउन महिना भित्रे लेख, रचना, स्मृति किपा विया ग्वहालि याना याना विज्यायत विशेषं इनाप याना च्वना ।**

**ग्वसा खलः**

**प्रकाशन समिति शाक्यसिंह विहार**



Downloaded from http://www.dhamma.digital

# स्वार्थी बन्नु हुँदैन

✍ भिक्षुणी धम्मवती

मानिसहरू बढी स्वार्थी बन्नु हुँदैन । स्वार्थ पूरा गर्न खोजेमा एकातिरबाट नाफा भए जस्तो देखिए तापनि अर्कोतिरबाट नाश गराएर बस्नुपर्ने हुन्छ । त्यसैले स्वार्थ पूरा गर्नमा मात्र पनि लाग्नु हुँदैन । आफ्नो स्वार्थ मात्र पूरा गर्ने बानीले के कस्तो दशा भोग्नु पर्ने हुन्छ भन्ने विषयलाई बुझाउनको लागि पहिला घटिसकेको घटनालाई यहाँ उल्लेख गर्दैछु –

एक जना धनाढ्य साहु थियो । उसका दुईजना छोराहरू थिए । उसका छोराहरू दुईजना दुई स्वभाव भएका थिए । जेठो छोरो खूब दयावान् र धर्मात्मा थिए भने कान्छो खूब निर्दयी र स्वार्थी थियो । छोराहरू दुईजना दुई स्वभावका हुनाले बुबाचाहिंलाई आफू मरिसकेपछि आफ्नो धन सम्पत्ति एकजनाले मात्र छलकपट गरी लेला भन्ने पीर पर्‍यो । त्यसैले जे चीज किनेपनि दुई दुईवटा किन्ने गर्‍यो । पछि गएर स्वार्थी स्वभावको कान्छोले मलाई राम्रो चाहिन्छ भनेर खोसेर हडपेर लिन नपाउने गरी सकेसम्म मिलाएर परलोक भए । छोरा दुईजना मात्र बाँकी रह्यो ।

आमाबुबा परलोक भइसकेपछि जेठोले स्वार्थी भाईलाई चित्त बुझाउन सकेन । त्यसरी चित्त बुझाउन नसकिने भएपछि दाजुले भाईलाई भन्यो–

"भाई ! तिमीलाई मैले चित्त बुझाउन सकिन । म अलग्ग बस्छु, स्वार्थीहरूलाई जति दिए पनि चित्त बुझ्दैन । मलाई पनि परिवार पाल्नु छ ।"

यति भनी दाई अलग्ग बस्न गयो । भएको धन सम्पत्ति, घर जग्गा आदि सबै बाँडे । गाउँ गाउँमा दिईराखेको ऋणको पैसा मात्रै बाँकी रहयो । त्यसैले हामी दुबै मिलेर एकपटक बुबाले ऋणमा दिइराखेको पैसा उठाउन जाऔं । तिर्न सक्नेहरूले सकेसम्म साँवा समेत दिएर ल्याउनेछन् । नसक्नेहरूले ब्याज मात्र भएपनि तिर्नेछन् । अनि उठाउन बाँकी जम्मै बाँडेर आउँला । तिम्रो भागमा परेको तिमी नै लिन जाऊ । मेरो भागमा परेको मै लिन जान्छु । अहिले एकपटकलाई हामीसंगै जाऔं भनी दाजुभाई दुबै हिंडे । गाउँ गाउँमा डुलेर पैसा उठाई दाजु चाहिंको रूमालमा पोको पारे । घर पुगेपछि बाँडेर लिउँला भनेर दाजुचाहिं धुक्क बसे । बाटोमा खानलाई भनेर गाउँमा बस्ने नाता कुटुम्बले उनीहरूलाई खाना पनि दिएर पठाए । अनि दुबै दाजुभाई एउटा नदीको किनारमा पुगे । उनीहरूको घर जान डुंगामा बसेर नदी तर्नुपर्ने रहेछ । डुंगा थिएन । डुंगा नल्याए सम्म खाना खान सिद्धाऔं भनी खानाको पोको फुकालेर दुबैले खाए । तर भाई चाहिंले खाना निल्नै सकेन । उसको मनमा एउटै चिन्ता थियो– "कसरी त्यो दाजुले ल्याएको धनको पोको आफू एक्लैको हातमा पार्न सकिएला । दाजुले दिंदा त आधा मात्र दिनेछ । धन सबै आफ्नो गर्नलाई के उपाय गर्नु पर्ला ? भनेर योजना बनाइ राख्यो । त्यही मात्र चिन्ता लिई राख्यो । त्यसैले उसले "मलाई भोक छैन दाजु" भन्दै यताउता केही पाइन्छ कि भनेर खोज्न गयो । त्यहाँ एकातिर माटोको घ्याम्पो एउटा फुटेको मिल्काइराखेको देखेर उसले सोच्यो –

"अब चाहिं बेस हुने भयो ।" त्यो घ्याम्पोको टुक्राहरूलाई पैसा जस्तै चक्का चक्का बनाई ती जम्मै पैसा पोको पारेको रूमाल जस्तै देखिने अर्को रूमालमा पोको पार्‍यो । त्यो पोको पनि पैसाको पोको जत्रो पार्‍यो । अनि त्यो पोको आफ्नो लुगा भित्र छोपेर ल्यायो । दाजुले केहि चाल पाएन ।

दाजुचाहिंले आफूले खान चाहेको जति खाई सिंध्याएर बाँकी कसलाई दिउँ भनेर खोज्दा कोही माग्नेहरू नदेखेर नदीमा बस्ने माछाहरूलाई खुवाए । अनि यस्तो आशिका गर्‍यो–

"यो माछाहरूलाई खुवाएको पुण्य यहाँ नजिकै बस्ने देवताहरू प्रमुख सबै मानिसहरूलाई पुण्य प्राप्त होस्, यसो भनेर पुण्य अनुमोदन गरिराख्यो । पछि डुङ्गा ल्यायो । दाजुभाई दुबै डुङ्गामा बसेर नदी तर्न थाले । नदी, तर्दा तर्दै दाजु चाहिंलाई निन्द्रा लागेछ । भाईलाई चाहिं कहिले आफूसंग भएको माटोको घ्याम्पोका टुक्राहरूको



Downloaded from http://www.dhamma.digital

पोको राखेर पैसाको पोको संग बदल्न पाइएकाल भन्ने चिन्ताले गर्दा निन्द्रा लागेन । दाजु चाहिं सुतिराखेको बेलामा घ्याम्पोको टुक्राहरूको पोको विस्तारै निकालेर पैसाको पोको संगै राख्यो । तर दाजु ब्युँझने पो हो कि भन्ने डरले दाजुको अनुहार हेरी पैसाको पोको भनेर लिएको त उहि आफूले राखेको घ्याम्पो टुक्राहरूको पोको नै लिएर आफ्नो लुगाको पोकोमा लुकाए। उसलाई खुशी लाग्यो । पैसाको पोको मेरो लुगाको पोको भित्र हाल्न सफल भएँ भन्दै । माटोको टुक्राटुक्रीको पोको दाजुको अगाडि छँदैछ । दाजुले हेर्दा घ्याम्पोका टुक्राहरू मात्र देख्यो भने मलाई नै शंका गरेर मेरो लुगाको पोको फुकालेर हेर्नेछ । त्यसैले त्यो माटोको टुक्राको पोको पानीमा फाल्नु पर्‍यो भन्दै डुङ्गा अलि ढल्केको बेला त्यो पोको खसालीदियो। अनि उ चिच्चाएर दाजुलाई उठाउँदै भन्यो– "हेर्नोस- दाई। पैसाको पोको त पानीमा खस्यो। "दाजुले हेर्दा त पैसाको पोको पानी भित्र डुब्दै गरेको देख्यो । पैसाको पोको पनि त्यस्तै कपडामा पोको पारिराखेको थियो । पानीमा गई पोको लिन जाने पनि सम्भव थिएन। अनि भाईचाहिंलाई सान्त्वना दिँदै दाईले भन्न थाल्यो–

"भाई ! भयो नआत्तिऊ । त्यो पैसा हाम्रो होइन रहेंछ। त्यसैले खस्यो। हुनु भइहाल्यो पीर नलिनु।" यति भनी आफूले धैर्य राख्दै मन थाम्यो ।

भाई चाहिंले बाहिर भने चित्त दुखेको जस्तो बहाना गरी दुःखी अनुहार पारिरहयो। तर भित्रबाट चाहिं दाजुलाई छलेर सबै सम्पत्ति आफ्नो अधिनमा राख्न सफल भएँ भनी खुशी भइरहयो ।

आ-आफ्नो घर पुग्यो। भाई चाहिं दाजुलाई छलेर ल्याएको पैसाको पोको आफ्नी श्रीमतीलाई सुम्पीदै भन्न थाल्यो–

"यो धनको पोको हिफाजत साथ राख्नु। पैसाको पोको लिने श्रीमती चाहिंको भने मन स्थीर भएन। कतिको सम्पति रहेछ एकपटक गनेर मात्र थन्काउनु वेश हुनेछ भन्दै पोको खोलेर हेर्‍यो । तर पैसाको पोको भन्थानेको त माटोको घ्याम्पोका टुक्रटाक्रीको पोको पो रहेछ। अनि हत्तारिंदै गई श्रीमान्‌लाई सबै हालखवर बताउँदै भनिन्–

मलाई दिनु भएको पोको कहाँको पैसाको पोको हो र ? त्यसमा त माटोको घ्याम्पोको टुक्राहरू मात्र पो छन्।"

"इमान्दार दाजुलाई ठग्न सफल भएँ भनी मक्ख परेका वेइमान भाइ त आफै ठगिन पुगे। मन दुषित भए पछि सबै दुषित हुन पुग्दो रहेछ । दाजुलाई यो कुरो सुनाउन पनि मिलेन। अनि आफ्नो मनमा पश्चातापको आगो जलाउँदै छटपटिन थाल्यो भाईचाहिं। निर्दोषी शुद्ध चित्त सहितको दाइको मनले धन त्याग्न सफल भएकोले आनन्द पूर्वक जीवन विताउन सफल भए। त्यसैलेयस घटनाले भनिरहेको छ छलकपटी स्वार्थी बन्न हुँदैन । छलकपट गर्ने व्यक्तिहरूले एकातिरबाट लाभ खोज्दै अर्को तर्फबाट आफ्नो नोक्सानी व्यहोरी नर्कतुल्य जीवन बिताउन बाध्य भइरहेको हुन्छ। उसले जिउँदै नर्क तुल्याए जीवन विताउन परिरहेको हुन्छ। ❖

## धर्मकीर्ति विहारमा बुद्धपूजा र धर्मदेशना

| २०७५ साल असार | बुद्धपूजा गर्नुहुने गुरुमांहरू | धर्मदेशना गर्नुहुने गुरुमांहरू |
|---|---|---|
| १ गते शुक्रवार संक्रान्ति | शुभवती | पञ्ञावती |
| ७ गते विहिवार अष्टमी | वण्णवती | वीर्यवती |
| १४ गते विहिवार ज्या:पुन्हि | क्षान्तिवती | धम्मवती |
| २२ गते शुक्रवार अष्टमी | सुवण्णवती | धम्मवती |
| २९ गते शुक्रवार औंशी | अमता | केशावती |

**● अहिले तिमी पहेँलो पात जस्तो भइसक्यौ। यमदूतहरू तिम्रो सामने खडा छन्। विनाशको खुड्किलामा खडा छौ। तर अहिलेसम्म पनि तिमीसंग बाटो खर्च छैन। त्यसकारण तिमीले चाँडै कोशिस गरी पण्डित बन र आफ्नो रक्षास्थान स्वरूपको द्वीप बनाऊ। मल र हित, काम रहित होऊ। अनि दिव्य आर्यहरूको पदमा पुग्नेछौ ।**

**– धम्मपद**



Downloaded from http://www.dhamma.digital

# बुद्धका केही स्मरणिय विशेषता

सिद्धार्थ कुमारले शान्तिको मार्ग पत्ता लगाउन ६ वर्षसम्म अनुसन्धान गर्नुभयो। ६२ प्रकारका मिथ्यादृष्टिलाई यथार्थ रूपमा अनुभव गर्नुभयो र सबै प्रकारका अन्धविश्वासले शान्ति प्राप्त गर्न नसक्ने भनी निष्कर्ष निकाल्नुभयो । यो कुरा दीघनिकायको ब्रह्मजाल सूत्रले उल्लेख गरेको छ ।

चन्दनको रूखलाई जति गहिराईसम्म काट्दै जाँदा त्यति त्यति नै सुगन्ध प्रवाहित हुन्छ । त्यस्तै बुद्धको जीवन-दर्शन अध्ययन गर्दा पनि झन झन रसपूर्ण ज्ञानको कुरा प्राप्त हुने गर्छ ।

६ वर्षसम्म अनुसन्धानपछि बुद्धगयामा पिपल रूखमुनि बसेर विपश्यना ध्यानअभ्यास गरेर ज्ञान पत्ता लगाउनुभयो । संसारमा चार आर्यसत्य-दुःख छ, दुःखको कारण छ, दुःख अन्त हुनसक्छ र दुःख अन्त हुने मध्यममार्ग आर्यअष्टाङ्गिकमार्ग छ । आर्यअष्टाङ्गिक मध्यममार्ग व्याख्या गर्नुहुँदै भन्नुभयो- कुनै चीजमा ठीक मात्रामा आसक्त हुनु, धेरै सुविधाभोगी नुहुनु र धर्मको प्राप्तिको नाउँमा शरीरलाई बढी कष्टपूर्ण जीवन नअपनाउनु आफूले प्राप्त गरेको धर्मको ज्ञान प्रचारको लागि सारनाथ जानुभई पञ्चवर्गिय प्रमुख धनाढ्य उच्चस्तरीय युवागवर्गलाई संगठित गर्नुभई भिक्षु बनाई संगठन गर्नु भयो । धर्मप्रचार गर्न धर्मदूत बन्न योग्यता भएकालाई त्याग भावना शुद्ध हुनुपर्ने, दृष्टि सोझो हुनपर्ने आदि नवसंगठित संघलाई तालिम दिनुभयो। पछि बहुजन हित र सुखको लागि नगर नगरमा असल मानिस बन्न सक्ने धर्मको ज्ञानप्रचार गर्न निर्देशन दिनुभयो ।

तर पछि बुद्धले कसैको पनि दुःखबाट मुक्त गराउन जिम्मा लिनु भएन। बरू दुःखबाट मुक्त हुने बाटो देखाउन मार्गप्रदर्शक मात्र बन्न तयार हुनुभयो । "**तुम्हे हि किच्चं आतप्पं अक्खातारो तथागत**" अर्थात् कर्म गर्न आफूले नै प्रयत्न गर्नुपर्छ, तथागत त मार्ग प्रदर्शक मात्र हो ।

फेरि बुद्ध भन्नुहुन्छ-शुद्ध अशुद्ध हुनु त आ-आफ्नो हातमा छ । अत्ताहि अत्तनो नाथो-आफ्नो मालिक आफै हो । दुःखबाट मुक्त हुनको लागि आफैले प्रयत्न गर्नुपर्ने ।

सबै पाप नगर्नु, पुण्य कार्य गर्न चित्त शुद्ध हुनु पर्ने, अनि मात्र दुःखबाट मुक्त हुनसक्ने छ भनी बुद्धले भन्नुभयो ।

बुद्ध भन्नुहुन्छ- मानिसहरू धेरै अज्ञानी रहेछन् । जीवन मुक्तिको लागि प्राणी हिंसा गरेर बलि दिने गर्छन्, नदीमा नुहाई मुक्त हुन्छ भन्ठान्छन् । हिंसा गरेर धर्म हुँदैन, त्यसबाट पाप पो वृद्धि हुन्छ ।

बुद्ध भन्नुहुन्छ– "न जच्चा वसलो होति, नजच्चा होति ब्राह्मणो, कम्मना वसलो होति कम्मना होति ब्राह्मणो" अर्थात् जातले कोही उँचनीच हुँदैन, आ-आफ्नो कामले नै मानिस उँचनीच हुन्छ ।

बुद्ध भन्नुहुन्छ– कुनै पनि कुरा पुस्तकमा लेखेको छ भन्दैमा विश्वास गर्नुपर्छ भन्ने छैन। मतलब पुस्तकलाई प्रामाणिक नमान्नु । (अंगुत्तरनिकाय)

धेरै जसो धर्मले आत्मालाई नित्य मान्छन्, तर बुद्ध भन्नुहुन्छ– आत्मा नित्य छैन । आत्मालाई नित्य मान्दा अहंकार बढ्छ ।

बुद्ध भन्नुहुन्छ– भिक्षुहरू कसैले बुद्धधर्म संघको प्रशंसा गर्छन् भने तिमीहरू खुशी हुनु हुन्न भने निन्दा गरेमा पनि दुःखी हुनु हुन्न । त्यसरी नै भिक्षुहरू, अरूले बुद्धको र धर्मको वर्णन गर्दा यदि तिमीहरूले अनावश्यक रूपमा खुसी र आनन्द मनायौ भने यसबाट तिमीहरूको हानी हुन्छ । (दिर्घनिकाय)

त्यस्तै निन्दा गरेमा क्रोध गरे पनि तिमीहरूको हानी हुन्छ । प्रतिक्रिया गर्नु हुन्न ।

बुद्ध भन्नुहुन्छ– अरूले नराम्रो कामकुरा गरिरहेको देख्दा उसप्रति क्रोध नगरी त्यस्तो कुरा र काम आफूले गरेको छ कि छैन एकचोटी विचार गर्नु बेस ।

अतः यी कुराबाट बुद्ध वैज्ञानिक व्यवहारवादी हुनुहुन्छ भन्ने स्पष्ट हुन्छ । ❖ *(साभार- अशल शिक्षा)*



Downloaded from http://www.dhamma.digital

# अकित्ति जातक

✍ **वीर्यवती**

तक्षशीलामा शिल्प विद्या सिकेर फर्केका अकित्ति आफ्ना आमा बुबाको देहान्तपछि उनीहरूले छोडेर गएका ८० करोड पुर्ख्यौली धन सम्पत्तिका मालिक बने ।

एकदिन अकित्तिको मनमा कुरा खेल्न थाल्यो– "मेरो आमा बुबाले यत्तिका धन सम्पत्ति कमाएर गए । तर आज उनीहरू यस संसारमा छैनन् । उनीहरूले कमाएका धन भने सबैले देख्न सक्ने गरी बाँकी रहेका छन् । मेरा आयु संस्कार पनि त क्षय हुँदैछ । अनि मैले पनि यी धनहरू मेरो साथमा बोकेर जान सक्ने अवश्य पनि होइन । अर्को ! मैले गर्नुपर्ने मुख्य मुख्य कामहरू त अझै बाँकी रहेका छन् । त्यसकारण यी धन सम्पत्तिको मोहमा मात्र भुलेर जीवन खेर फाल्नु राम्रो होइन ।"

यति सोची अकित्तिले आफ्नो परिवारको नाममा बाँकी रहेकी आफ्नी प्यारी बहिनी यशवतीलाई बोलाई यसरी सोध्छन्– "बहिनी ! तिमीले यी सबै धन सम्पत्ति रक्षा गरेर बस्नु । म प्रव्रजित (त्यागी) बन्न हिंड्दैछु ।" आफ्नो दाजुको यस्तो कुरो सुनी यशवतीले भनिन्– "दाजु ! तिमीले किन यस्तो कुरा गर्दैछौ ? तिमीले थुकेको धनलाई मैले आफ्नो टाउकोमा थाप्न चाहँदिन । तिमीलाई यी धन सम्पत्तिको जरुरत छैन भने मलाई पनि यसको जरुरत छैन । म पनि तिमीसंगै प्रव्रजित जीवन बिताउन चाहन्छु ।"

बहिनीको इच्छा बुझिसकेपछि अकित्तिले खुशीसाथ आफ्ना सबै धन सम्पत्ति इच्छुक याचकहरूका लागि दानको रूपमा त्याग गरी एक रमणिय स्थानमा गई आफ्नी बहिनी यशवतीसंगै प्रव्रजित भए । उनीहरूसंगै अन्य थुप्रै व्यक्तिहरू पनि प्रव्रजित भए । यसरी त्यस स्थानमा थुप्रै मानिसहरूको समूह र थुप्रै लाभ सत्कार बढ्दै गएको कारणले अकित्तिले आफ्नो मन एकाग्र गर्न सकेन । यसरी आफूले ध्यान लाभ गर्न नसकेको कारणले मन खिन्न भई अकित्तिले आफ्नी बहिनी यशवतीलाई समेत खबर नदिई त्यस स्थानलाई त्यागी एक अनकन्टार स्थानमा गई पर्णकुटी बनाई त्यहीं ध्यान गरेर बस्न थाले । त्यस स्थानमा फलफूल पाइने समयमा फलफूल खाई फलफूल नपाउने समयमा रूखका पातहरू मात्र भए पनि टिपी त्यस पातलाई उमाली खान थाले ।

एकदिन रूखका पातहरू उमाली चीसो भएपछि (सेलाएपछि) खाउँला भनी पर्णकुटीको दैलोमा बसिरहेको बेला एक याचकले उनी समक्ष भिक्षा माग्न आए । त्यस्तो अनकन्टार ठाउँमा एक याचकलाई देख्ने बित्तिकै अकित्ति ज्यादै अचम्भित र प्रसन्न हुँदै सोच्न थाल्यो– "अहा ! यो त मेरो अहो भाग्य बन्दैछ । यस्तो अनकन्टार स्थानमा पनि एक याचकलाई दान दिन पाउनु नै मेरो दान पार मिताको एक तह माथि पुग्ने मौका हो यो । मैले दान दिएको पुण्य फल मलाई बुद्धत्व प्राप्त गर्ने हेतु बनोस् ।" यति संकल्प गरी उसले आफूलाई भनी उमालेर राखेको रूखका पातहरू सबै त्यस याचकको भिक्षा पात्रमा खन्याइदिए ।

यसरी दान दिन पाएकोले मन प्रीतिले भरेको कारण अकित्तिलाई भोक लागेको महशूस नै भएन । त्यसैले त्यस दिन उसले आफूले खानको लागि रूखको पात उमालेन । दिनभर निराहार रहे ।

यसरी नै निराहार रही बुद्धत्व (बोधिज्ञान) प्राप्त गर्ने आशयमा रहेका बोधिसत्व अकित्तिले आफ्नो संकल्प पूरा गर्नको लागि लगातार तीनदिनसम्म आफ्नो खाना दान गर्दै रहे । अकित्तिको यस्तो त्यागमय स्वभाव देखेर अचम्म मानेका त्यस याचकले अकित्तिसंग प्रश्न सोध्न थाल्यो– "हे तपस्वी ! गरम हावा चल्ने र खानाको समस्या भएको यस्तो अनकन्टार जंगलमा बसी तिमीले किन कष्ट उठाउँदै तपस्या गर्दैछौ ?"

याचकको प्रश्नलाई उत्तर दिंदै तपस्वी अकित्तिले भन्यो– "बारम्बार जन्म लिइरहनु नै दुःख हो, शरीर नाश हुँदै गइरहनु पनि दुःख नै हो, त्यसैले मेरा मनमा यस लोकप्रति वैराग्य भाव जागी दुःखबाट अलग्ग बन्न सक्ने मार्ग पत्ता लगाई बुद्धत्व प्राप्त गर्ने हौसला जागेको छ । यही कारणले गर्दा मैले यस सांसारिक सुखबाट अलग्ग रही मुक्ति प्राप्त गर्ने आशय राखी ध्यान गर्दैछु ।

*( क्रमशः १४ पेजमा )*



Downloaded from http://www.dhamma.digital

# सचेततामा रहनु नै बुद्धको प्रमुख ब्यवहारिक ज्ञान

✍ **बिमला बज्राचार्य** *'कोविध प्रथम वर्ष'*
*शंखमूल, नयाँ बानेश्वर*
*जयमंगल विहार, चंकी, पाटन।*

विचारहहरूको उद्‌मग विन्दु नै मन हो। सर्वप्रथम मनमा उर्लिएका विचारहरू प्रति होशपूर्वक चिन्तन गर्नु जरूरी हुन आउँछ। पागलहरूमा अनियन्त्रित विचारहरू आउँछ। जति बढि विचारहरू आउँछन् त्यति नै दुःखको भूमरीमा फस्छन्। विचार नियन्त्रण गर्नु अति आवश्यक छ। पहिला मनमा विचार आउँछ, अनि मात्र कर्ममा उत्रिन्छ। राम्रा हितकर विचार पनि मनमा नै श्रृजना हुन्छ भने नराम्रा नकारात्मक अहितकर विचारहरू पनि पहिला मनले नै रचना गर्छन्। व्यक्तिको ब्यवहार उसको संस्कार (गहिरो बानी ब्यहोरा) उसको चिन्तन मनन र उसले प्राप्त गरेको ज्ञानले अभिव्यक्त गर्छ। राम्रा हितकार विचारलाई मलजल दिन सक्यो भने उसले आफूलाई आफ्नो परिवार, आफू वरिपरिका छिमेक नातेदार मित्रजनलाई हित गर्न सक्छ र नराम्रो विचार प्रति बेहोस भई सन्तिकरण गर्यो भने अर्थात् नराम्रा विचारमा मलजल पानी दिई हुर्काई भने नराम्रा विचारका झारपाट झ्यामिने मौका पाउँछ। बेहोशी विचार नै नराम्रा कर्म फस्टाउने उद्‌गम बिन्दू हो। त्यहिंबाट पूर्ण विराम (Full Stop) राख्न सक्ने शक्तिपूर्ण होश (Awareness) को आफू भित्र विकाश गर्नु पर्छ। त्यसको प्रथम माध्यम नै ध्यान (Concentration) हो।

बुद्ध वचनमा उल्लेख भएको धम्मपद गाथा अनुसार–

"शत्रुले मानिसलाई जति हानी पुऱ्याउँछ त्यो भन्दा धेरै हानी कुमार्गमा लागेको बेहोशी चित्तले पुऱ्याउँछ" त्यस्तै गरी –

"सुमार्गमा लागेको चित्त (मन) ले आमा बुबा र कुतुम्बले समेत गर्न नसक्ने उपकार मानिसलाई गर्छ"।

नराम्रा विचारलाई मलजल, गोडमेल गरी सिंचित गर्नुबाट रोक लगाउनु पर्छ, त्यस्ता विचारहरूलाई फस्टाउन दिनु हुंदैन।

मनुष्य शरीर र यो शरीरसंग जोडिएको चित्त (मन) एक चुम्बक जस्तै हो। जस्तो विचार उस्तै ब्यवहार, उस्तै विचारका साथीहरू विभिन्न दिशाबाट जोडिन पुग्छन्, जस्तै चुम्बकले फलामलाई मात्र आफूतर्फ आकर्षण गर्दछ।

**Like minded People attract Like minded men**

चोरहरू चोर साथीसंगको संगतमा नै रमाउँछन्, ज्ञानी ऋषिमुनीहरूको संगत ज्ञानी व्यक्तिमा नै चुम्बकसरी तानिन्छ। खराब संगतका व्यक्तिहरू असल मानिससंग मित्रता गास्न सक्दैन। उसको मन असलमा रमाउन नै सक्दैन। असल र नैतिकताको कुरा मात्र हुंदा मन रमानउ नसकेर दिक्क हुन्छ, खुशीले भरिएर बस्न सक्दैन। झिंगा र सुंगुर सफा ठाउँमा रमाउन सक्दैन, फोहरमा नै रमाउँछन्। जुन ठाउँमा मन रमाउँछ त्यहि ठाउँमा फस्ताउँछ। मनको विचार ज्ञानमा रमाए ज्ञान फस्टाउँछ आफ्नो शरीरको स्वस्थतामा रमाए स्वस्थ भई सक्षम हुन्छ, त्यस्तै अरूलाई दुःख दिनमा मन फैलिन गएमा उसको चिन्तन मनन निन्दा, चुक्ली, असत्यतामा रमाई जीवनमा दुःख फैलिएर आफैले आफैलाई हानी तिर डोऱ्याएको हुन्छ।

अहिले सम्म जति पनि जीवनमा प्राप्त गरेका घर, परिवार, सम्पत्ति सबै एक समय विगतमा मनले सोचिएका चुम्बकिय शक्तिको परिणाम नै हुन्। स्नातकमा पास भए हुन्छ, एउटा राम्रो काम पाए हुन्छ, एउटा राम्रो घर भए हुन्छ, राम्रो केटीसंग विवाह भए हुन्छ एउटा बच्चा भए हुन्छ, जुन श्रृंखलाको इच्छा विगतमा हाम्रो मनका विचारहरू नै हुन र मनको चुम्बकीय शक्ति अनुरूप श्रृंखलाबद्ध रूपले परिपूर्ति पनि हुँदै आएका छन्। त्यस्तै नराम्रा विचारले पनि दुःखहरू मनको चुम्बकीय शक्ति नै दुःख तर्फ तान्दै लगिएका हुन्छन् त्यसतर्फ समयमा नै सहि होश नपुगे जीवनमा दुःख फैलिंदै जान्छ।

मनको प्रथम बिन्दु विचारप्रति सजगताको कुरा गर्दा जातकका एक कथालाई प्रस्तुत गर्न सान्दर्भिक लाग्यो।



Downloaded from http://www.dhamma.digital

एक समय एक भिक्षुलाई एक नगरसोभनी (बेश्यावृत्ति कार्यमा संलग्न कन्या) ले तीन महिनाको लागि आफू कहाँ भोजन स्वीकार गर्न अनुरोध गर्छिन्। यो कुरा भिक्षुले बुद्धको संध्याकालिन उपदेश समारोहमा निवेदन गर्छन् र सबै भिक्षु हाँस्छन्। बुद्ध हुनुहुन्छ कि यो भिक्षुको मन सजग भएको कारणले म उसलाई तीन महिना पछि आफूले गरेको सम्पूर्ण कार्यकलाप यस सभामा तिमीले प्रस्तुत गर्नु पर्छ । बुद्धको अनुमति लिई भिक्षु सोहि नगरशोभिनी कहाँ तीन महिना सम्मको लागि भोजन स्वीकार्छ र दैनिक भोजन पछि भिक्षुको अगाडि अश्लिल नृत्य गरी आफ्नो स्वभाव अनुसार हावभाव प्रस्तुत गर्छिन् । दिन बित्दै गयो सो कन्यामा भिक्षुको असल चुम्बकीय तरङ्ग वा संगतबाट कन्याको मन बिस्तारै रूपान्तरण हुन थाल्यो। नृत्यको हावभाव विस्तारै बदलिंदै भवित नृत्यमा तरङ्गित हुन थाल्यो । असल संगतको चुम्बकीय प्रभावले गर्दा ती महिनाको अन्त्यमा भिक्षुलाई सो नगरशोभिनी भन्छिन् " भन्ते, म हजूरसंग हारेर जितें। हजूरको सजगता प्रति म नतमस्तक छुं। हजूरको संगतले मेरो मन पूर्ण रूपले रूपान्तरित भयो म यो दुश्कर्मबाट विमूख हुन चाहन्छु, मलाई पनि त्यो संघमा सम्मिलित भई प्रव्रज्या लिने अनुमति दिनु होस्" ।

**त्यस्तै अर्को एउटा सान्दर्भिक कथा :**

एक समय एउटी कन्या ठूलो उर्लिएको नदीको किनारामा बसी कोहि उसलाई नदी पार लगाइ दिने व्यक्तिको प्रतिक्षामा थिइन् र त्यहि समय दुई जना भिक्षुहरू पनि त्यो नदी पार गरि अर्को ठाउँमा जाने काम विशेषले आई पुगेका थिए । कन्याले ती दुई मध्ये एक जनालाई नदी पार गराई दिन मद्दत मागे । त्यस मध्ये बलियो भिक्षुले कन्यालाई जुरूक्क उंचाली नदी पार गरि दिन्छ र सरासर आफ्नो बाटो लाग्छ। मनमा सजगता भएकोले उसले नारी वा पुरूष केहि वास्ता नगरि आफ्नो कर्तव्य मात्र निभाए । यो एउटा काम हो, सहयोग हो, बचाउ हो भनी काम समापन गरि आफ्नो बाटो लाग्यो। नराम्रो नकारात्मक विचार मनमा उठ्न दिएन र टिक्न पनि दिएन। अर्को भिक्षु जो साथमा थिए उसले उपदेश सभामा बुद्ध समक्ष विचार राख्छन् कि यो मेरो साथीले एक कन्यालाई नदी पार लगाई दियो । पार लगाउने भिक्षुले भन्छन् कि "मैले त्यो काम होशपूर्वक अघि नै गरिसकें जुन सहयोगी र कन्याको हितको पक्षमा मैले गरे र नराम्रा विचारलाई टिक्न पनि दिएन, फस्टाउने मौका पनि दिएनौ त्यो विचार अघि नै सकि सक्यो तर तिमीले अझ सम्म पनि ती कन्याको विचारलाई मलजल दिई राखेका छौ होशमा आऊ, अरूलाई नराम्रो सावित गर्नु भन्दा पहिला तिमी होशमा आऊ "भन्दा सभाको सबैले उसको कुरालाई अनुमोदन गर्न थालियो ।

बुद्धको अन्तिम वचन पनि "अप्पमादेन सम्पादेथ" अर्थात सदैव होशमा रहनु । बुद्ध दर्शनमा व्यवहारिक ज्ञानलाई उतार्नुमा नै बढि जोड दिईन्छ। जो जसले ज्ञान प्राप्त गरियो, तर व्यवहारमा उतार्न सकेन भने त्यसको कुनै महत्व हुँदैन। अतः बुद्ध भन्नु हुन्छ "मलाई पूजा गर्नु भन्दा ज्ञानलाई व्यवहारमा उतार" ।

यदि कुनै व्यक्ति विहारमा जाने र दैनिक ध्यानको प्रयास गर्दा पनि मन बेहोश भई सहि फाईदा प्राप्त गर्न नसक्ने हुन्छ सो कारणमा मन अशान्तको अशान्त नै व्यवहारमा कुनै फरक नै नआउने, घर परिवारमा गालि गर्ने, चुक्ली गर्ने, असत्य बोल्ने चलि नै रहन्छ। विचारको उद्‌मग बिन्दू नै मन भएकोले नराम्रा विचारलाई होशपूर्वक तुरून्त पूर्णविराम र राम्रो विचारलाई चिन्तन मनन गरि मलजल दिई सिञ्चित गर्नु सबै भन्दा उत्तम हुन आउँछ।

॥ भवतु सब्ब मङ्गल ॥

**बनेपा ध्यानकुटी विहार, मेत्ता सेन्टर (मैत्री केन्द्र) लाई सहयोग**

१) नेपाल सुन चाँदी व्यवसायी संघ, काभ्रेबाट रु. २५,०००/-
२) निर्मला मानन्धर, असन, कमलाक्षीबाट रु. २०००/-
३) नानी मैंया गुरुङ्ग घले, जोरपाटीबाट - रु. १०००/–
४) प्रज्ञान तुलाधर, भोटाहिटीबाट रु. १०००/-
५) नारांदेवी मानन्धर, बनेपाबाट रु. १०००/-
६) प्रेमज्योती शाक्य, बनेपाबाट रु.५००/-
७) राकेश शाक्य, बनेपाबाट रु. ५००/-
८) सुरेकर शाक्य, भिमसेनस्थान, काठमाडौंबाट रु. ५००/-
९) तुयू लक्ष्मी, अशोक रत्न शाक्य परिवार बनेपाबाट खाद्यान्न प्रदान ।



Downloaded from http://www.dhamma.digital

# बुद्धविहारको मैत्रीपूर्ण आह्वान



**विहारको सैद्धान्तिक मान्यता**

आध्यात्मिक सुखशान्ति, प्रफुल्लित, सकारात्मक सोच, सशक्त र सच्चरित्रवान व्यक्तित्व निर्माण गर्ने उद्देश्यले तथागत गौतम बुद्धको ध्यान र ज्ञानको अभ्यास गराउनका लागि विहारको आवश्यकता रहेको हो । विहार निर्माणको मुख्य प्रयोजन नै अप्रसन्नहरूलाई प्रसन्न बनाउन र प्रसन्न हुनेहरूलाई झन् प्रसन्न बनाउने कार्यमा समर्पित प्रव्रजित (भिक्षु, श्रामणेर तथा प्रव्रजित गुरुमां) हरू बस्ने, नयाँ प्रव्रजितहरूलाई दक्ष बनाउने र सर्वसाधारणहरूले ध्यानको अभ्यास र ज्ञानलाई बुझ्ने हो । यही आधारभूत मान्यतामा टेकेर समुदायमा शान्ति, उच्चमनोबलयुक्त नागरिकहरूको चरित्र निर्माणमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने उद्देश्यले दिवंगत भिक्षु सुमंगल महास्थविरले २०३४ सालमा यस बुद्धविहार निर्माण गर्नुभएको हो ।

**विहारको पुनःनिर्माण :**

यस विहारको स्थापना हुँदादेखि धम्महलको रूपमा प्रयोग गर्दै आएको भवन पुरानो, साँघुरो एवं २०७२ बैशाख १२ गतेको विनाशकारी भूकम्पले समेत केही क्षति भएको थियो । विहार प्रमुख श्रद्धेय भिक्षु कोण्डन्य महास्थविरको नेतृत्वमा धम्महल भवनसहितको संरचनाले ओगटेको क्षेत्रफललाई बढाएर ८ हजार ५ सय ५७ वर्गमिटरमा विहारको कलात्मक र नेपाली मौलिक शैली अपनाई तीन तल्ले भवन निर्माण गर्न लागिएको हो ।

**विहारको नयाँ भवनको प्रयोजन :**

- करिब ३ सय जनाले सामूहिक रूपमा बसेर ध्यान र धर्मदेशना श्रवण गर्न सहजयुक्त धम्मागार हुने ।
- बुद्धधर्मका विविध विषय, बौद्ध सरोकारका विषयमा अन्तर्क्रिया, गोष्ठी, बैठक तथा सभा गर्न मिल्ने धार्मिक कक्ष हुने ।
- प्रव्रजितहरूलाई बुद्धधर्मसंगै विविध विषयमा अभिमुखीकरण, प्रशिक्षण एवं तालिम दिन ।
- काम विशेषले विभिन्न जिल्ला र देशबाहिरबाट आउने आगन्तुक प्रव्रजितहरू बस्न ।
- भिक्षुहरूको लागि विहार केन्द्रको रूपमा रहनेछ ।

**विहारको नयाँ भवनको अनुमानित खर्च :**

पुनः निर्माणाधिन विहारको नयाँ भवन निर्माण गर्न करिब चार करोड रूपैयाँ लाग्ने अनुमान गरिएको छ ।

**विहारको संस्थागत उद्देश्य :**

१. यस बुद्धविहारले मुनाफारहित जनहितकारी धार्मिक सामाजिक संस्थाको रूपमा चतुपरिषद् (भन्ते-गुरुमाँ, उपासक तथा उपासिकाहरू) लाई समेटेर नेपालमा थेरवादी बुद्धशासनको उन्नति र अभिवृद्धि



Downloaded from http://www.dhamma.digital

गर्ने यावत क्रियाकलापलाई निरन्तरता दिने ।

२. शान्तिनायक गौतम बुद्धको उपदेश प्रचार प्रसार गर्ने, बुद्धधर्म दर्शनसम्बन्धी ग्रन्थ प्रकाशन तथा पत्र-पत्रिका प्रकाशन गर्ने ।

३. थेरवादी बुद्धशासनमा प्रव्रजित भिक्षुहरूको लागि यो विहार केन्द्रको रूपमा रहनेछ ।

४. बुद्धशिक्षाका अनुयायी चतुपरिषद् एवं युवा वर्गका लागि अध्ययन केन्द्रको व्यवस्था गर्ने, बुद्धधर्म, इतिहास, दर्शन, साहित्य, कला, बौद्ध संस्कृतिसम्बन्धी परियत्ति शिक्षा प्रचार गर्ने, प्रशिक्षण-तालिम शिविर को आयोजना, गोष्ठी, सेमिनारको आयोजना तथा सम्बद्ध महत्वपूर्ण तीर्थस्थलहरूको अध्ययन-भ्रमण गर्ने/गराउने ।

५. समान उद्देश्य भएका राष्ट्रिय एवं अन्तर्राष्ट्रिय संघसंस्थाहरूसित मित्रता गाँसी धर्मप्रचार प्रसार गर्ने, सहकार्य तथा सम्बन्ध कायम गर्ने, आवश्यकता र अनुकूलता हेरी प्रकृयागत रूपमा संस्थागत आवद्धता गर्ने ।

६. बौद्ध वृद्धाश्रमको संचालन र विकासका लागि सहयोग गर्ने, विहारअन्तर्गत आश्रमको संरक्षण वा संचालन गर्ने, ध्यान साधनाको विकास कार्यका सहयोगी भूमिका निर्वाह गर्ने ।

**बुद्धविहारका मुख्य गतिविधि :**

चतुपरिषद् (भन्ते-गुरुमाँ, उपासक तथा उपासिकाहरू) लाई समेटेर नेपालमा बुद्धधर्मको विकास र विस्तारका कार्यहरू संचालन ।

- बुद्धधर्म दर्शनसम्बन्धी ग्रन्थ प्रकाशन तथा पत्र-पत्रिका प्रकाशन ।
- युवा वर्गका लागि बुद्धधर्म, इतिहास, दर्शन, साहित्य, कला, बौद्ध संस्कृतिसम्बन्धी अध्ययन, प्रशिक्षण ।
- बौद्ध वृद्धाश्रमको संचालन र विकासका लागि संरक्षण प्रदान ।

**अन्तमा : सहयोगार्थ मैत्रीपूर्ण आह्वान :**

विगत चारदशकदेखि बुद्धधर्मको विकास र विस्तार, सामाजिक, शैक्षिक एवं लोककल्याणकारी कार्यमा कार्यरत यस बुद्धविहारको पुनः निर्माण कार्य समयमै सम्पन्न गर्नका लागि श्रद्धालु दाताहरूलाई यथाश्रद्धा यथा सहयोगको लागि बुद्धविहार पुनः निर्माण समिति एवं बुद्धविहार परिवार सम्पूर्ण महानुभावहरूसँग हार्दिक आग्रह गर्दछौं ।

यस अतिरिक्त बुद्धविहारको **Siddhartha Bank** मा रहेको खाता नं. **01715312914** मा पनि रकम जम्मा गरी विहारलाई जानकारी गर्न/गराउन सकिनेछ ।

**विहारलाई यसरी सहयोग गर्न सकिने छ :**

- व्यक्तिगत नगद तथा जिन्सी दान
- संस्थागत नगद तथा जिन्सी दान
- विहारको कुनै भाग (कोठा, बैठक कक्ष आदि) को निर्माण प्रायोजन वा दान
- विहारमा स्थापना गर्ने मूर्ति, झ्यालढोका आदिको प्रायोजन
- धार्मिक कृयाकलापबाट चन्दा संकलन गरेर
- अग्रिम प्रतिबद्धतासहित क्रमिक रूपमा सहयोग गरेर

**नोट : रु. ५०,००० वा सो भन्दा बढी आर्थिक सहयोग गर्नुहुने महानुभावहरुको नाम शिलापत्रमा उल्लेख गरिने जानकारी गराईन्छ ।**

विस्तृत जानकारीका लागि :

**बुद्धविहार पुनः निर्माण समिति/बुद्धविहार परिवार**

विहारमार्ग, भृकुटीमण्डप, काठमाडौं-२८

फोन : ४२२६७०२, ९८५१०४६१८८

*बुद्धविहार पुनः निर्माण समितिसम्बद्ध व्यक्तित्वहरू*

*धर्मानुशासक:*

**संघनायक भिक्षु अश्वघोष महास्थविर**

**संघउपनायक डा. भिक्षु ज्ञानपूर्णिक महास्थविर**

*संरक्षक दाता :*

**उपासक द्रब्यमानसिंह तुलाधर (भाईराजा साहु)**

**उपासिका बसुन्धरा तुलाधर**

*सल्लाहकार परिषद :*

**भिक्षु मैत्री महास्थविर**

**(अध्यक्ष, अखिल नेपाल भिक्षु महासंघ)**

**भिक्षु धर्ममूर्ति महास्थविर**

**भिक्षुणी धम्मवती गुरुमां**

**उपासक श्री पञ्चवीरसिंह तुलाधर**

**बखत बहादुर चित्रकार**



Downloaded from http://www.dhamma.digital

अकित्ति जातक क्रमशः

यस संसारमा धेरैजसो मानिसहरू आफ्ना छोरा, श्रमिती, धनसम्पत्ति तथा अरू प्रिय वस्तुहरू जति प्राप्त भएपनि त्यसबाट (भौतिक सम्पत्तिबाट) उनीहरूले सन्तुष्टी प्राप्त गर्न सकिरहेका छैनन् । उनीहरूको मन असीमित लोभले ग्रस्त छन् । यसरी नै उनीहरूको मन यस्तो द्वेष (क्रोधी) भावनाले पनि ठाउँ ओगटेको छ, जुन भावना जाग्ने बित्तिकै आफूसंग रहेका खेत, सुनचाँदी, गाई, घोडा तथा दासहरू जस्ता चल अचल धनसम्पत्तिहरू सबै नाश हुन सक्छन् । यस्तो खतराले युक्त भएका लोभ र द्वेष चित्तबाट अलग्ग भएर रहनको लागि मैले यहाँ बसी ध्यान गर्दैछु ।

मैले मेरो जीवन रहुञ्जेल सधैं आफ्नो मनको इच्छा पूर्ण हुने गरी दान दिनको लागि दान दिने बस्तु र दान लिने याचक यसरी नै प्राप्त गर्न सकुँ भन्ने मेरो ठूलो अभिलाषा छ । दान दिने समयमा मेरो मनमा कुनै पनि अनुताप नभई सधैं प्रसन्नता छाइरहोस् भन्ने पनि कामना गर्दछु ।"

अकित्तिको यस्तो महान संकल्प सुनी याचक ज्यादै अचम्म मान्दै अकित्तिको असाधारण संकल्प पूरा होस् भन्ने कामना गर्दै फर्के ।

अकित्तिले आफ्नो जीवनभर त्यहीं रही ब्रह्म विचार को ध्यान गर्दै त्याग चित्तलाई झन झन सुदृढ पार्दै बाकी जीवन सफलता पूर्वक बिताए ।

तर अकित्तिको बहिनी यशवती भने आफ्नो दाजु विछोड भएको पीरले दाजुलाई खोज्दै विरह गर्दै ध्यान लाभ गर्न सकिनन् । ❖

**• सुनारले अलि-अलि गरेर चाँदीको कसर निखारे झैं मेधावी पण्डितले पनि अलि-अलि गरी क्रमशः आफ्नो चित्तमल निखार्नु पर्छ ।**

**• जसरी फलामबाट निस्केको खियाले फलामलाई नै खान्छ, त्यसरी नै केवल सदाचार को उल्लंघन गर्ने व्यक्तिलाई उसको कर्मले उसलाई नै दुर्गतीमा पुऱ्याउँछ । – धम्मपद**

# मृत्यु कसैले टार्न सक्दैन

**✍ नरेन्द्र नाथ भट्टराई**

संसार एउटा रंगमञ्च मात्र हो । जस्तो सबै कलाकारको अभिनय गर्ने समय, अभिनयको क्रम, पर्दामा देखिने समय र पर्दाबाट अलग हुने सबै कुरापहिले नै तोकिएको हुन्छ, त्यस्तै गरी हाम्रो जीवन, मृत्यु र यस बीचका हर घटना पनि सबै पूर्व निर्धारित छन् । कसैले यसका एक रौं सम्म पनि तलमाथि यताउति पार्न सक्दै न । अहंकारलाई अँगालेर यताउति गर्न खोज्नु नै विपदमा पर्नु हो ।

